# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७८/०७९
**Ref.No :2078/079**
चलानी नं. 296

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.I, Nepal**


## गिटी र बालुवा उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०७८।०४।३१

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र वालुवाको उत्खनन् संकलन तथा विक्री शुल्क असुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन मि.) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | Gramthan Rural/NCB/Internal/01-078-079 | लोहान्द्रा खोलाको गिटी र वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु | गिटी - २८५३११९८ वालुवा- ११९०२११३२ | गिटी - ६०४६३२६।०१ वालुवा- ३१९१११६।५१ जम्मा- ९२३७४४२।५२ | ३०००।- | २६००००। |

- नदीजन्य पदार्थ (ढुङ्गा,गिटी/मिक्स गिटी आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.६।००
- नदीजन्य पदार्थ (बालुवा) को दर प्रति क्यु.फिट(भ्याट बाहेक) रु.४।७५

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुरको लागि रु. ३०००।०० (तीन हजार) मात्रको यस कार्यालयको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको आन्तरिक राजश्व खाता नं. ०६९२०५०००५८३६००७ मा दाखिला गरि PPMO को बेभसाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फारम https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।
२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म अनिवार्य Online बोलपत्र दर्ता गराउनु पर्नेछ ।
३. बोलपत्र दर्ता भएको दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. बोलपत्रमा ठेक्का कबोल रकमको २.८ प्रतिशतले हुने रकम रु.२६००००।- (दुई लाख साठी हजार) ग्रामथान गाउँपालिकाको नाममा रहेको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ धरौटी खातामा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाणपत्रको

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७८/०७९
**Ref.No :2078/079**
चलानी नं. :

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७६।०७७ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि र स्वघोषणा पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजात Scan Copy अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले आफुले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नुपर्ने छ र केरमेट भएको,सही छाप नभएको,म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. बोलपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।

९. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।

१०. बोलपत्र दाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको भ्याट समेत २५% रकम सम्झौता गर्दाको वखत बुझाउनु पर्ने साथै वाँकी ७५% रकमको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र सम्झौता गरिनेछ । बोलपत्र दाताले कबोल गरेको रकम एकमुष्ठ बुझाएमा भ्याट बाहेकको रकममा १०% छुट दिईनेछ ।

११. ठेक्काको अवधि सम्झौता अवधि देखि २०७९ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप उत्खनन् गर्न रोक लगाइनेछ ।

१२. ठेक्का सम्झौता भइसके पछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन ।

१३. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नु पर्नेछ ।

१४. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कार्वाही गरि ठेक्का समेत रद हुन सक्नेछ ।

१५. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१७. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ ।

१८. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

१९. नदी वा खोला उत्खनन् तथा संकलन गर्न गाउँपालिकाको पूर्व अनुमति लिएर मात्र हेभि इक्युपमेन्ट प्रयोग गर्न पाइनेछ ।

२०. नदी जन्य पदार्थ बिक्री शुल्क तथा प्राकृतिक धार, किनारा, घाट, कुलो कुलेशा,लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरि IEE ले तोके बमोजिम मात्र ढुङ्गा ,गिटी र बालुवा उठाउन पाउने छ ।

२१. नदिजन्य पदार्थ उत्खनन् गर्दा नदी नालाको पुल (पक्की,झोलुङगे) को हकमा तल तिर १ किमी र माथि तिर ५०० मिटर सम्म नदीजन्य पदार्थ उठाउन पाइने छैन ।

२२. प्रारम्भिक वातावरणिय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरेको प्रारम्भिक वातावरणिय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२३. बोलपत्र दाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।

२४. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

२५. ठेक्का तथा बिड डकुमेन्ट सम्वन्धी अन्य जानकारीको लागि बोलपत्र दाताले http://gramthanmun.gov.np वा सम्पर्क नं. ९८१९०१२३६६ मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७८/०७९
**Ref.No :2078/079**
चलानी नं. :

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

## BOQ

| सि.नं. | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन. फि) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | कबोल रकम रु. (भ्याट बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १. | Gramthan Rural/NCB/Internal/01-078-079 | गिटी -२८५३१।९८<br>वालुवा-१९०२१।३२ | ९२३७४४२।५२ | | | |

Gramthan Rural municipality
Office of the Rural municipal Executive
Tetariya , morang
Nepal.

# *Details of Quantity Estimate*

आयोजना को नाम : लोहोद्रा खोलाको गिटटी र वालवा उत्खनन , संकलन तथा बिक्री कार्य (IEE रिपोर्ट अनसार )
स्थान : ग्रामथान

Date: 2078/04/27

| S.N. | Description | Nos | Measurent | | | Quantity | Unit | Remark |
|---|---|---|---|---|---|---|---|---|
| | | | Length | Bredth | Height | | | |
| | | | | | | | | |
| 1 | **कोरिया डांगी नाका(area 1)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 8564.40 | | |
| | Available Material | | | | | **4282.20** | Cum | |
| 2 | **कोरिया डांगी नाका(area 2)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 8845.20 | | |
| | Available Material | | | | | **4422.60** | | |
| 3 | **भरचौल घाट नाका** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 26190.00 | | |
| | Available Material | | | | | **13095.00** | Cum | |
| 4 | **चपरमारी नाका** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 10800.00 | | |
| | Available Material | | | | | **5400.00** | Cum | |
| 5 | **मोतीपुर नाका (area 1)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 5535.00 | | |
| | Available Material | | | | | **2767.50** | Cum | |
| 6 | **मोतीपुर नाका (area 2)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 7425.00 | | |
| | Available Material | | | | | **3712.50** | Cum | |
| 7 | **भोला चौक नाका** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 4095.00 | | |
| | Available Material | | | | | **2047.50** | Cum | |
| 8 | **बिन घाट नाका (area 1)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 7452.00 | | |
| | Available Material | | | | | **3726.00** | Cum | |
| | | | | | | | | |
| 9 | **बिन घाट नाका (area 2)** | | | | | | | |
| | From IEE Report(For both gramthan and belbari) | | | | | 16200.00 | | |
| | Available Material | | | | | **8100.00** | Cum | |
| | | Total Available Material(For both gramthan and belbari) | | | | **95106.60** | Cum | Gravel+Sand |
| | | Total Available Material(For gramthan ) | | | | **47553.30** | Cum | 50% of both combined(Gravel+Sand) |
| | | | | | | | | |
| | | | | | | | | |
| 11 | Total qauntity of Aggregate | | | | | **28531.98** | Cum | 60% of Total |
| 12 | Total qauntity of sand | | | | | **19021.32** | Cum | 40% of Total +Sand |